बैठक संख्याः ४९

आज मिति २०८२ साल अश्विन महिनाको ३० गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को तेस्रो बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिलः

| हस्ताक्षर | क.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | श्री पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिंह के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री दल बहादुर साउद | १० नं. वडा अध्यक्ष | ९८५१२११९०१ |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| बसन्ती | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |
| | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| अप्सरा | २०. | श्री अफ्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २१. | श्री अम्मर राज जोशी | प्रमुख प्रशासकीय अधिकृत | ९८६५६४९०२७ |

CS CamScanner

बुढीगंगा नगरकार्यपालिकाको ४९ औं तथा आ.व. २०८२/०८३ को तेस्रो बैठकमा प्रस्तुत प्रस्तावहरु:

१. बुढीगंगा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा ऐन संग्रह निर्माण गर्ने सम्बन्धमा ।

२. करार तथा ज्यालादारी कर्मचारीको करार सेंवा सम्बन्धमा ।

३. वडाध्यक्षको उपचारका सम्बन्धमा ।

४. क्लवहरुलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

५. डम्पिङ साइटको ठेक्का सम्बन्धमा ।

६. विविध:

श्रदान्जली अर्पण गर्ने सम्बन्धमा ।

२०८२.१०.६।२०

राम बहादुर बानियाँ

नगर प्रमुख

CamScanner

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि सम्बन्धमा छलफल गर्दा सुदुरपश्चिम प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा ऐन संग्रह निर्माण गर्न तपसिल बमोजिमको बुढीगंगा नगरपालिका संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कर्मचारी व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

तपसिल:

संयोजक: श्री अम्मर राज जोशी, प्रमुख प्रशासकीय अधिकृत

सदस्य: श्री नरेन्द्र नाथ, प्रशासन प्रमुख

सदस्य: श्री पूर्णचन्द्र जैशी, लेखापाल

मानव संसाधान विज्ञ: श्री झंकर बहादुर कुवँर

सदस्य सचिव: श्री जयराज न्यौपाने, शिक्षा अधिकृत

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा करार कर्मचारीको करार सेवाका सन्दर्भमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८१ को दफा १५ मा भएको व्यवस्था र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको मिति २०८२/०४/०२ गतेको चलानी नम्बर १४/२०८२/०८३ को प्राप्त पत्रानुसार संघिय सरकार, प्रदेश सरकार र अन्य दातृ निकाय अन्तर्गतका संघ/संस्था सँग गरिएको सम्झौता अनुसार ससर्त तथा साझेदारी अनुदानबाट सेवा सुविधा लिने गरी कार्यक्रममा नियुक्त भएका करार कर्मचारी, हलुका सवारी चालक तथा हेभि सावरी चालक कर्मचारी बाहेकका आन्तरिक स्रोत, राजश्व बाँडफाँड, समानीकरण वित्तिय स्रोतबाट सेवा सुविधा लिने गरी करार सेवामा नियुक्त गरिएका कर्मचारीहरु, शिक्षकहरु र बालविकास सहजकर्ताहरुको मिति २०८२ साल कार्तिक १ गते देखि लागु हुने गरी करार सेवा अन्त्य गर्ने । रिक्त रहेका र आवश्यकता अनुसार नगरपलिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट सृजना हुने पदमा कर्मचारीहरु नियुक्त गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा अनुमति माग गर्ने निर्णय सर्व सम्मतीले पारित गरियो।

३. प्रस्ताव नं ३ को सम्बन्धमा वडा नं १० का वडा अध्यक्ष श्री दल बहादुर सावदको उपचारको लागी सेवा र परामर्श शिर्षक बाट रु. ५००००। (अक्षरुपी पचास हजार मात्र) उपचारको लागी सहयोग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

२०८२।०३।२०

CamScanner

४. प्रस्ताव नं ४ को सम्बन्धमा यस नगरपालिका अन्तर्गतमा रहेका क्लवहरुका लागी रनिङ्ग सिल्ड, नगर प्रमुख क्रिकेट तथा भलिभल खेल प्रतियोगीताको लागी विनियोजित रकम वाट आर्थिक सहयोग भुक्तानी दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

- मस्टेश्वरी युवा क्लव वडा नं १० लाई रु.५००००/-
- जुवापानी युथ स्पोर्टस् क्लव वडा नं ९, जुवापानीलाई रु.५००००/-
- बुढीगंगा क्रिकेट क्लवलाई रु.५००००/-
- नौविस स्पोर्ट क्लव वडा नं ५ नुवाघरलाई रु.५००००/-
- ब्रह्मतोल्ला युथ क्लवलाई रु.५००००/-
- बुढीगंगा ६ को कवड्डी क्लवलाई रु. ६००००/-

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ६ र ७ को सिमानामा डम्पीङ् साईड निर्माण गर्न वोलपत्र आह्वान भई निर्माण व्यावसायी वि आर एस कन्ट्रक्सन एण्ड सप्लार्यस संग मिति २०८२/०३/१५ गते भित्र कार्य सम्पन्न गर्ने गरि VAT सहित रु. ४१०८२३५.९७ मा मिति २०८२/०२/११ गते सम्झौता भएकोमा समझौता भई सकेपछि जग्गा विवादका कारण कार्य सम्पन्न गर्नुपर्ने अवधी सम्म साईट उपलब्ध गराउन नसकिएको, विवाद मिलाई निर्माण कार्य अगाडी वढाउन थप प्रयास गर्नको लागी ठेक्काको म्याद थप गरिएको अवधी सम्म समेत निर्माण व्यावसायीलाई साईट उपलब्ध गराउन नसकिएको र ठेक्काको काम गर्नको लागी पटक पटक लिखित तथा मौखिक रुपमा साईट उपलब्ध गरी पाँउ भनि निवेदन दिदा समेत साईट उपलब्ध नभएको हुँदा उक्त ठेक्का सुविधाको आधारमा ठेक्काको अन्त्य गरी पाँउ भनि निर्माण व्यावसायीले मिति २०८२/०६/०७ मा निवेदन समेत पेश हुन आएको हुँदा निर्माण कार्य अगाडी वढाउन निर्माण व्यावसायीलाई दिईएको पेश्की रकम रु. ८०००००। नगरपालिकाको खातामा फिर्ता गर्नको लागी निर्माण व्यावसायीलाई पत्राचार गर्ने र रकम पालिकाको खातामा जम्मा भए पश्चात निर्माणको ठेक्का रद्द गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा मिति २०८२ साल भाद्र २३ र २४ गतेका दिन देश व्यापी रुपमा भएको जेनजी आन्दोलनमा भएका मृतकहरु प्रति हार्दिक श्रदाञ्जली र घाईतेहरुको सीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CS CamScanner